# ज्वालामूखी गाउँपालिका
## गाँउकार्यापालिकाको कार्यालय
साँधभञ्ज्याङ, धादिङ
३ नं.प्रदेश, नेपाल

### आ.ब. २०७६/७७ को लागि पटके सवारी कर सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७५/०६/१५**

ज्वालामूखी गाँउपालिकाको आर्थिक ऐन २०७६ बमोजिम यस गाँउपालिका क्षेत्र भित्र प्रवेंश गर्ने सवारी साधनमा लगाईने पटके सवारी कर आ.ब. २०७६।७७ को बाँकी अवधिको लागि मिति २०७६।०५।०९ गते बसेको गाँउपालिका स्तरिय राजस्व परामर्श समितिको बैठकको निर्णय बमोजिम ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीले आ.ब. २०७५।०७६ सम्मको फर्म नविकरण र आ.ब. २०७४।०७५ को आयकर चुक्ता प्रमाणपत्र भएका फर्म वा कम्पनी बाट तोकिएको न्युनतम अङ्कमा नघट्ने गरी दर भाउ खरिद गरी पेश गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी दरभाउ उपर कुनै कारबाहि गरिने छैन ।

**ठेक्काको विवरण**

| .न. | विवरण | कर उठाइने स्थान | कर तिर्नु पर्ने सडक खण्ड | कर लाग्ने सवारी साधन | ठेक्का दस्तुर | न्युनतम ठेक्का दरभाउ अङ्क (एकमुष्ठ) मु.अ. कर बाहेक | दरभाउफारम दस्तुर | दरभाउ दर्ता गर्ने अन्तिम मिति | दरभाउ फारम खोलिने मिति र समय | धरौटि रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पटके सवारी कर | ज्वालामूखी - ६ हुलाक भञ्ज्याङ | क) धौखोला हुलाक - भञ्ज्याङ - चैनपुर बुङ्कोटघाट सडक ख) धौखोला हुलाक भञ्ज्याङ -साँधभञ्ज्याङ -खरी सिम्ले सडक ग) धौखोला - हुलाक भञ्ज्याङ- साँधभञ्ज्याङ ढोला-मैदी पिपलटार सडक | हलुका सवारी साधन | रु. ५० | ६०००००।- (छ लाख) | १,०००।- | २०७६।०५।२९ गते दिनको १२ :०० वजे सम्म | २०७६।०५।२९ गते दिनको २:०० वजे सम्म | कबोल अंकको ५ % |
| | | | | हलुका चार पाग्रे मिनि/स्वराज/आईचर गाडी | रु. ७० | | | | | |
| | | | | बस, ट्रक, ट्याक्टर | रु. १०० | | | | | |
| | | | | लहरी, कन्टेनर, टिपर लगायत दश पाङ्ग्रे वा सो भन्दा माथि | रु. १५० | | | | | |
| | | | | भारी ईक्यूपमेन्ट JCB गाउँपालिकामा आवद्ध नभएको | रु. ५०० | | | | | |
| | | | | Exavator गाउँपालिकामा आवद्ध नभएका | रु. ८०० | | | | | |
| | पटके सवारी कर | ज्वालामूखी - ५ बुङ्कोटघाट खरि | गोरखा जिल्लाबाट बुढिगण्डकी बुङ्कोटघाट पुल हुँदै ज्वालामूखी ५ खरी प्रवेश गरि सोही स्थान बाट वा अन्य कुनै नाका हुँदै गाउँपालिकाबाट बाहिरिने सवारी | हलुका सवारी साधन | रु. ५० | ३०००००।- (तिन लाख) | १,०००।- | २०७६।०५।२९ गते दिनको १२ :०० वजे सम्म | २०७६।०५।२९ गते दिनको २:०० वजे सम्म | कबोल अंकको ५ % |
| | | | | हलुका चार पाग्रे मिनि/स्वराज/आईचर गाडी | रु. ७० | | | | | |
| | | | | बस, ट्रक, ट्याक्टर | रु. १०० | | | | | |
| | | | | लहरी, कन्टेनर, टिपर लगायत दश पाङ्ग्रे वा सो भन्दा माथि | रु. १५० | | | | | |
| | | | | भारी ईक्यूपमेन्ट JCB गाउँपालिकामा आवद्ध | रु. ५०० | | | | | |

Scanned by CamScanner

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | साधन | नभएको | | | | | | |
| | | | | Exavator गाउँपालिकामा आवद्ध नभएका | रु. ८०० | | | | | |
| | | | | हलुका सवारी साधन | रु. ५० | | | | | |
| | | | | हलुकाचार पाग्रे मिनि/स्वाराज / आइचर, गाडी | रु. ७० | | | | | |
| | | | | | रु. १०० | | | | | |
| | पटके सवारी कर | ज्वालामूखी -४, दोभानटार | दोभानटार - मण्डली हुदै ढोलामिलनचोक सडक | बस, ट्रक, टयाक्टर | रु. १५० | १,५०,०००।- (एक लाख पचास हजार) | १,०००।- | २०७६।०५।२९ गते दिनको १२ :०० वजे सम्म | २०७६।०५।२९ गते दिनको २:०० वजे सम्म | कबोल अंकको ५% |
| | | | | लहरी, कन्टेनर, टिपर, लगायत दश पाङग्रे वा सो भन्दा माथि | रु. ५०० | | | | | |
| | | | | भारी इक्यूपमेन्ट JCB गाउँपालिकामा आवद्ध नभएको | रु. ८०० | | | | | |
| | | | | Exavator गाउँपालिकामा आवद्ध नभएका | रु. ५० | | | | | |
| | | | | हलुका सवारी साधन | रु. ५० | | | | | |
| | | | | हलुकाचार पाग्रे मिनि/स्वारानज / आइचर, गाडी | रु. ७० | | | | | |
| | | | | बस, ट्रक, टयाक्टर | रु. १०० | | | | | |
| | पटके सवारी कर | ज्वालामूखी - ३, अमराई | ससाह- अमराइ- दारे गौंडा - माफिटार सडक | लहरी, कन्टेनर, टिपर, लगायत दश पाङग्रे वा सो भन्दा माथि | रु. १५० | ३,५०,०००।- (तिन लाख पचास हजार) | १,०००।- | २०७६।०५।२९ गते दिनको १२ :०० वजे सम्म | २०७६।०५।२९ गते दिनको २:०० वजे सम्म | कबोल अंकको ५% |
| | | | | भारी इक्यूपमेन्ट JCB गाउँपालिकामा आवद्ध नभएको | रु. ५०० | | | | | |
| | | | | Exavator गाउँपालिकामा आवद्ध नभएका | रु. ८०० | | | | | |
| | | | | हलुका सवारी साधन | रु. ५० | | | | | |
| | | | | हलुकाचार पाग्रे मिनि/स्वारानज / आइचर, गाडी | रु. ७० | | | | | |
| | | | | बस, ट्रक, टयाक्टर | रु. १०० | | | | | |
| | पटके सवारी कर | ज्वालामूखी - ७, बाङ्गेरह | देउराली - सल्याटार | लहरी, कन्टेनर, टिपर, लगायत दश पाङग्रे वा सो भन्दा माथि | रु. १५० | ३०,०००।- (तिस हजार) | १,०००।- | २०७६।०५।२९ गते दिनको १२ :०० वजे सम्म | २०७६।०५।२९ गते दिनको २:०० वजे सम्म | कबोल अंकको ५% |
| | | | | भारी इक्यूपमेन्ट JCBगाउँपालिकामा आवद्ध नभएको | रु. ५०० | | | | | |
| | | | | Exavatorगाउँपालिकामा आवद्ध नभएका | रु. ८०० | | | | | |

नोट : गाउँपालिकामा दर्ता नभएका सवारी साधनलाई माथि उल्लेखित रकमको दोब्बर दस्तुर लाग्नेछ ।

ज्वालामूखी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बाघमारे, धादिङ ३ नं. प्रदेश, नेपाल

Scanned by CamScanner

## ठेक्का सम्झौतकाशर्तहरु

१) उपरोक्तानुसार गाउँपालिका क्षेत्र भित्र एक स्थानमा कर तिरेपछि अर्को स्थानमा कर तिर्न पर्ने छैन । साथै सोहि सवारी आवतजावतगर्दा जम्मा १ (एक) पटक मानिने छ ।

२) दर भाउ फारममा उल्लेखित कबोल ठेक्काको ५% ले हुने धरौटी रकम यस कार्यालयको मेगा बैंक ज्वालामूखी शाखा साधभञ्ज्याङ स्थित धरौटी खाता नं. ०९३००१००१००४९ मानगद जम्मा गरेको सक्कलै बैङ्क भौचर दरभाउसाथ संलग्न गरी पेश गर्नु पर्ने छ । बैंक ग्यारेन्टी लाई मान्यतादिईने छैन ।

३) टेन्डरफारम भर्दा आफुले कबोल गरेको अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी रकम उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरको रकमलाई मान्यता दिईने छ ।

४) दरभाउपत्र खोल्ने कार्य टेन्डरपेश गर्ने दिनको २:०० बजे ज्वालामूखीगा.पा. को कार्यालय, साँधभञ्ज्याङ, धादिङमा दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न सकिने छ , उक्तदिनविदा परेमा सो पछि कार्यालय खुलेको दिनको सोही समयमा दरभाउ पत्र विक्री, दर्ता र खोल्ने कार्य हुनेछ ।

५) दरभाउ खोल्ने काम समाप्त भएपछि दरभाउ कवोलबाट दरभाउ गर्ने पहिलो दोश्रो र तेश्रो ३ जनाले राखेको धरौटि रकम धरौटि रोक्का राखी अरुको हकमा फिर्ता दिने र दरभाउ स्वीकृत भईसके पछि टेन्डरकबोल गर्ने पहिलो ब्याक्तिको नाममा कबुलियत गर्न ३ दिने सूचना यस गाँउपालिका बाट पठाईने छ । सो समय भित्रमा उपस्थित भई ठेक्का संझौता गर्न नआएमा वा संझौता गर्न मन्जुर नगरेमा निजले राखेको धरौटि रकम जफत गरी सो पछिको दोस्रो, तेस्रो दरभाउ कबोल गर्ने ब्यक्ति वा कम्पनीलाई निजको दरभाउ अंक उपयुक्त ठहरेमा गाँउपालिकाले क्रमश नियमानुसार ठेक्का बन्दोवस्त गर्न सक्नेछ । निजहरु पनि सूचना म्याद भित्र उपस्थित नभएमा वा उपस्थितभई संझौतागर्न मन्जुर नगरेमा निजहरुले राखेको धरौटि जफत गरी कार्यालयबाट अर्को बैकल्पिक ब्यबस्था अपनाई पुन ठेक्का बन्दोबस्त गर्न सकिने छ ।

६) दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकिएको समय भित्र संझौता गरी सक्नुपर्नेछ । स्वीकृत ठेक्का रकम बमोजिमको प्रथमकिस्ता ५०% रकमबुझाई संझौतागर्नु पर्नेछ र बाँकी दोस्रो किस्ताको रकम माघ मसान्त भित्र नगदै कार्यालयको राजस्व शाखामा जम्मागर्नु पर्नेछ ।

७) कर दस्तुर उठाउन प्रयोग गरिने रसिदहरु २ (दुई) प्रति ठेकेदार आफैले आफ्नै खर्चमा छपाई सो मा कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई सोको अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवाशुल्क उठाउन प्रयोगमा ल्याउनु पर्ने छ । यदि सो प्रकृया पुरा नगरी प्रयोगमा ल्याईएको रसिद फेला परेमा गा.पा. द्वारा नियमअनुसार जरिवाना गर्ने छ ।

८) प्रचलित कानुन अनुसार बुझाउनु पर्ने आयकर, मुल्यअभिबृद्धि कर लगायतअन्य करहरु ठेकेदार स्वयंले ब्यहोर्नु पर्नेछ ।

९) स्वीकृत करका दस्तुरहरु को बिस्तृत विवरण दरभाउ कागजात साथ संलग्नगरिएको छ ।

१०) दरभाउ दाताले खामबाहिर आफुले लिन चाहेको ठेक्काको नाम नम्बर र दरभाउ दाताको नाम स्पस्ट उल्लेख गर्नु पर्नेछ ।

११) गाँउपालिकाले तोकेको कर संकलन केन्द्र बाहेक अन्य ठाउँमा कर संकलनगर्न पाइने छैन ।

१२) ठेक्का अबधि भुक्तान भई सकेपछी आन्तरीक राजस्व कार्यालय बाट कर चुक्ताको प्रमाण पत्र पेश भएपछि मात्र धरौटी रकमफिर्ता गरिने छ ।

१३) ठेक्का अवधि चालु आ.ब.को बाँकीअवधि २०७७ साल असार मसान्त सम्म मात्र हुनेछ ।

१४) ठेक्का सम्वन्धमा कुनै किसिमको बिबादको स्थिति सृजना भएमा वा कार्यालय र ठेकेदार बिचकुनै बिबाद उत्पन्न भएमा गाँउकार्यपालिकाको बैठकको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु दुबै पक्षको कर्तब्य हुनेछ ।

१५) यस कार्यालयको छाप र कार्यालय प्रमुखबाट प्रमाणित नभएको दरभाउफारम लाई मान्यतादिईने छैन ।

१६) ठेक्कास्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहने छ ।

ज्वालामूखी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
साँधभञ्ज्याङ धादिङ
३ नं. प्रदेश, नेपाल

Scanned by CamScanner

१७) यस सूचनामा उल्लेख भएका विषयहरु यसैबमोजिम रउल्लेख नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुने छ ।

१८) गाउँपालकिाको कार्यालयले समय समयमा दिएको निर्देशन वा आदेशको पालना गर्नु गराउनु ठेकेदारको कर्तव्य हुने छ ।

१९)गाँउपालिका कार्यालयले तोकिदिए भन्दा बढी कर दस्तुर उठाएको पाइएमा गाँउपालिका ले यसरी उठाएको करका दोब्बर रकम ठेकेदार पक्षबाट सम्बन्धित सवारी धनी वा चालकलाइ फिर्ता गर्न लगाई निजलाई कार्यालयको निर्णय अनुसार जरिवाना समेत लगाइनुका साथै ठेक्का सम्झौता समेत रद्ध गर्ने अधिकार गाउँपालकिामा निहित रहनेछ ।

२०)सूचना सम्वन्धी थप जानकारीको लागि मोबाइल न. ९८५१२१५३९७, Email:info@jwalamukhimun.gov.npमा सम्पर्क गर्न सकिनेछ्र र उपरोक्तानुसारको सूचना गाउँपालिकाको Web site : www.jwalamukhimun.gov.npमा हेर्न सकिनेछ ।

राजस्व परामर्श समिति
ज्वालामूखी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
साँधभञ्ज्याङ धादिङ

Scanned by CamScanner